तारालाल श्रेष्ठ । २०७४ । *बन्दीपुरदेखि बन्दीपुरसम्म* । काठमाडौँ : डिस्कोर्स पब्लिकेशन ।

तारालाल श्रेष्ठद्वारा लिखित *बन्दीपुरदेखि बन्दीपुरसम्म* पुस्तक आजीवन नेपालको जलविद्युत विकासमा समर्पित एक इलेक्ट्रिकल इन्जिनियर बलराम प्रधानको कथा हो । कूल १२ अध्यायमा विभाजित यस पुस्तकमा उनको क्षमता, योग्यता र योगदानको चर्चा परिचर्चा गरिएको छ । लेखकले पुस्तकमा समेटेका विषयवस्तुबारे गहिरो अध्ययन अनुसन्धान मार्फत तथ्यप्रमाण जुटाएका छन् । एक पात्रको जीवनीमा देखिएका उतारचढावसँगै देशको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक अवस्था तथा नेपालमा जलविद्युतको संकथनलाई उजागर गर्न लेखक सक्षम भएका छन् । दातृ निकायको सहयोगका कारण देशमा परनिर्भरता कसरी बढिरहेको छ भन्ने कुरा पनि पुस्तकमा लेखकले राम्रोसँग उठाएका छन् ।

पुस्तकको प्रमुख विषयवस्तु दोस्रो अध्यायबाट शुरू हुन्छ, जुन बलराम प्रधानको श्रद्धाञ्जली सभामा केन्द्रित छ । उनको जन्म २००४ सालमा बुबा वटुकलाल र आमा ज्यानमाया प्रधानका जेठा छोराका रूपमा तनहुँको बन्दीपुरमा भएको थियो भने मृत्यु २०७२ सालमा काठमाडौँस्थित आफ्नै निवासमा हृदयघातका कारण भएको थियो । त्यतिबेला उनी बन्दीपुर सामाजिक विकास समितिका अध्यक्ष थिए । पुस्तकको केन्द्रमा रहेको बन्दीपुर एक जागरुक समाज थियो । शिक्षा, राजनीति, व्यापार, व्यवसाय, संस्कृति, आदिको केन्द्रबिन्दु थियो । साथै, यो कम्युनिस्ट किल्ला पनि थियो । थुप्रै कम्युनिस्ट नेताहरू त्यति बेला बन्दीपुरमा भूमिगत रहन्थे । यसको प्रभावबाट बन्दीपुरको समाज अछुतो रहने कुरै भएन । बलरामका बुबा र आमा पनि वामपन्थी विचारधारा बोकेका, कसैसँग नझुक्ने, नदब्ने कडा स्वभावका थिए । उनको परिवार खेतीपाती र व्यापार-व्यवसायमा संलग्न थियो । त्यो ताका पिँढी शिक्षा प्रचलनमा थियो । पिँढी शिक्षाले बन्दीपुरको सार्वजनिक पाटीमा पाठशाला

पुस्तकालय स्थापना गर्ने भयो, जसका लागि पुस १, २००४ मा तत्कालीन राणा शासकको स्वीकृति पनि मिल्यो । बलराम जन्मेकै साल बन्दीपुरमा पुस्तकालयको विधिवत् स्थापना भयो । उक्त पुस्तकालयका चेपचेपमा लाल (कम्युनिस्ट) किताब लुकाएर राखिएका हुन्थे । त्यस्ता किताबमा जनचासो बढ्दो थियो । बलराम पनि पुस्तकालय पुगेर त्यस्ता किताब पढ्थे । बन्दीपुरको सार्वजनिक पाटीमा पहिलो पल्ट एउटा स्कूल पनि खुल्यो—कृपाराम प्राथमिक विद्यालय । बलरामले त्यही विद्यालयबाट औपचारिक शिक्षाको थालनी गरे । आठ कक्षामा पढ्दै गरेका बेला बलरामले आमा गुमाउनुपऱ्यो । त्यस लगत्तै उनको परिवार चितवनको नारायणगढमा बसाइँ सरेपछि पढ्नमा मेधावी उनलाई काठमाडौँमा स्कूल भर्ना गरियो । काठमाडौँमा बीएससी सम्मको अध्ययनपछि उनी इलेक्ट्रिकल इन्जिनियरिङ पढ्न बनारस हिन्दू विश्वविद्यालयमा भर्ना भए । पारिवारिक असहमतिकै बीच उनको तारा पियासँग प्रेम विवाह भयो ।

नेपालमा जलविद्युतको विकास वि.सं. १९६८ मा राणा कालमा फर्पिङ योजनाबाट शुरू भएको हो । राणा काल पछिको नेपालमा जलविद्युत तथा सामाजिक विकासको लागि नर्वेजियन इन्जिनियर अड हफ्टनको ठूलो योगदान छ । युनाइटेड मिसन टु नेपाल मार्फत नेपालसँग जोडिएका हुन् उनी । कात्तिक २०२० मा युनाइटेड मिसन टु नेपाल र तत्कालीन श्री ५ को सरकारबीच बुटवलमा औद्योगिक विकासका लागि प्राविधिक इन्टिच्यूट (बुटवल टेक्निकल इन्स्टिच्युट) स्थापना गर्ने सहमति भयो, जुन नेपालको जलविद्युत निर्माणको लागि कोसेढुंगा सावित भयो । पहिलो पटक सुरुङ मार्फत विद्युत उत्पादन गर्ने तिनाउ जलविद्युत बुटवल पावर कम्पनीको नमुना परियोजना थियो, जसको काम २०२५ सालबाट शुरू भएको थियो । त्यति बेला जनमानसमा बिजुलीप्रति नकारात्मक सोच थियो । बिजुलीले मानिसलाई तान्छ, बेहोस पार्छ, मार्छ भन्दै स्विच छुन पनि मानिस डराउँथे । बिजुलीको पोल गाड्न पनि नदिने अवस्था थियो । बलराम २०२८ सालमा बुटवल पावर कम्पनीसँग जोडिन पुगे । यस्ता जटिलता र चुनौतीलाई पार गर्दै बलराम समूह अगाडि बढेको थियो ।

२०३४ सालमा डिप्लोमा इन इलेक्ट्रिकल पावर डिस्ट्रिब्युसन सिस्टम सम्बन्धी अध्ययन गर्न बलराम नर्वे पुगे । बलरामले काम गरेको तिनाउ जलविद्युत परियोजना सम्पन्न भएपछि २०३७ सालमा तत्कालीन श्री ५ को सरकारलाई हस्तान्तरण गरियो । सो परियोजना सम्पन्न भएपछि हिमाल हाइड्रो र नेपाल हाइड्रो एन्ड इलेक्ट्रिक स्थापना गरियो, जति बेला आँधीखोला जलविद्युत परियोजना शुरू हुँदै थियो । तिनाउ र आँधीखोला जलविद्युत परियोजना सम्पन्न भए पश्चात् २०४५ सालमा झिम्रुक जलविद्युत परियोजना अघि बढ्यो । लगत्तै उनी झिम्रुक परियोजनाका निर्देशकमा नियुक्त भए । नेपाल सरकार र युनाइटेड मिसन टु नेपालको सहकार्यमा झिम्रुकले विद्युतको उत्पादन गर्ने मात्र नभई वितरण समेत गर्ने, र प्युठान, रोल्पा, अर्घाखाँचीका केही गाविसलाई अन्धकारमुक्त गराउने योजना पनि अघि सारेको थियो । उक्त

ठाउँलाई कम्युनिस्टको किल्ला मानिन्थ्यो । त्यस क्रममा धेरै विवाद भयो, बुटवल पावर कम्पनीमा आक्रमण पनि भयो । त्यही बेला बुटवल पावर कम्पनीको निजीकरण सन्दर्भले अर्को माहोल ततायो । यद्यपि, अनेक चुनौतीका बाबजुत पनि झिम्रुक परियोजना बन्यो र अहिले पनि पश्चिम नेपालको सबैभन्दा ठूलो नमुना पावर प्लान्टका रूपमा सञ्चालनमा छ । झिम्रुक पछिका जलविद्युत परियोजना भने महंगिदै गए । झिम्रुकको निर्देशक भएका कारण हाइड्रो ल्याबसँग बलराम प्रत्यक्ष जोडिने नै भए । झिम्रुकको नमुना परीक्षण नेपालमै पहिलो पटक हाइड्रो ल्याबमा भएको थियो । जलविद्युत परियोजनाको दिगो विकासका लागि हाइड्रो ल्याबले सघाउनेमा बलराम विश्वस्त थिए । उनी माटो तथा पत्थरको सूक्ष्म परीक्षण गर्ने जियोटेक्निकल ल्याब पनि नेपालमा स्थापना हुनुपर्छ भन्नेमा थिए, तर हालसम्म यो सम्भव भएको छैन र यस्तो परीक्षण गर्न पश्चिमी मुलुकमै पठाउनु पर्ने बाध्यता अद्यापि छ ।

२०४० सालमा जलस्रोत नीति बनेपछि यसले निजी क्षेत्रका लागि पनि लाइसेन्स लिएर जलविद्युत परियोजना निर्माण तथा सञ्चालन गर्ने ढोका खोल्यो । निजी क्षेत्रको संलग्नता पश्चात् जलविद्युत निर्माण नाफामुखी बन्दै गएकोमा हफ्टन र बलराम असन्तुष्ट थिए । यद्यपि, बुटवल पावर कम्पनीको निजीकरण कुनै पनि प्रकारको भ्रष्टाचार वा कमिसनबिना सम्भव भएको थियो । निजीकरण पश्चात् बुटवल पावर कम्पनीको आइपिओ जारी गरियो । त्यति बेला विद्युतमा आम मानिसको लगानी जुटाउन अहिले जस्तो सहज थिएन । २०५१ सालमा बलराम नेपाल विद्युत प्राधिकरणको सञ्चालक समिति सदस्यमा नियुक्त भए । उनी निजी क्षेत्रलाई जलविद्युत उत्पादनमा कसरी आकर्षित गर्ने भन्नेमा केन्द्रित थिए । प्राधिकरणले स्थानीय लगानीको नमुनाका रूपमा चिलिमे जलविद्युत परियोजना बनायो । त्यसपछि १ हजार २ सय मेगावाटको सबैभन्दा ठूलो जलाशाययुक्त बुढीगण्डकी परियोजनाको सञ्चालक समितिमा बलराम आए । तर, प्राधिकरणमा देखिएको भ्रष्टाचारले उनलाई बेचैन गरायो, जसका कारण उनलाई हृदयघात भयो ।

यसरी आफ्नो जीवनकालमा बलरामले तिनाउदेखि झिम्रुक हुँदै सोलु जलविद्युत परियोजना सम्पन्न गर्न महत्त्वपूर्ण भूमिका खेले । नेपालमा पहिलो सुरुङ मार्ग मार्फत बिजुली निकालेर विद्युतीकरण गर्नेदेखि हाइड्रोल्याब, वासक्राफ्ट भोल्क एजी (डब्लुकेभी) प्रयोग गरी यस क्षेत्रको आधुनिकीकरण गर्ने तथा जलविद्युत उद्योगसँग सम्बन्धित थुप्रै संघसंस्थाको नेतृत्व गरे । मेलम्ची खानेपानी परियोजनाबाट पनि विद्युत निकाल्ने योजनामा थिए बलराम । उनको त्यो सपना भने साकार हुन पाएन । पानीमा पैसैपैसा छ र जलविद्युतबाट नै नेपालको विकास गर्न सकिन्छ भन्ने उनमा विश्वास थियो । आफ्नो परिश्रमको उचित मूल्य पाउनुपर्छ तर अधिक मुनाफा लिनु हुँदैन भन्नेमा उनी अडिग थिए । स्वदेशका लागि सदुपयोग नभएको बुद्धिको केही काम छैन । यही भनाइले बलरामको श्रम प्रतिको लगाव र देशप्रेम झल्काउँछ । उनी सधैं सुशासनको पक्षमा थिए । तर, विडम्बना, उनले नेतृत्व गरेका विभिन्न संस्थाहरू भ्रष्टाचारमा

चुर्लुम्म डुब्दै थिए । यी कुराले बलरामलाई धेरै तनाव दिन्थ्यो । धेरै तनाव लिने बानीले गर्दा मुटु सम्बन्धी रोगका बिरामी बने र अन्त्यमा त्यसैले उनको ज्यान लियो ।

बलराम प्रधान जलविद्युतको विकासका अलावा बन्दीपुरको विकासका लागि पनि अनवरत लागिरहे, खास गरी जीवनको उत्तरार्धमा । बन्दीपुर कुनै समयमा स्थापित भयो भने कालान्तरमा विस्थापित पनि भयो । कहिले यो चर्चित व्यापारिक केन्द्र बन्यो भने कहिले मृत सहर झैँ बन्यो । २०२५ सालमा तनहुँको सदरमुकाम बन्दीपुरबाट दमौलीमा सरेपछि बन्दीपुर बजार खण्डहर भयो । २०३७ सालमा देशकै पहिलो सामुदायिक क्याम्पस बन्दीपुर क्याम्पस तथा स्कूलको स्थापना भएपछि बन्दीपुरमा चहलपहल पुनः शुरू भयो । २०४९ सालमा काठमाडौँ बस्ने बन्दीपुरेले चीजकुमार श्रेष्ठ अकेलाको अध्यक्षतामा बन्दीपुर सामाजिक विकास समिति गठन गरे । यस समितिले शिक्षा, स्वास्थ्य र पर्यटनमा विशेष केन्द्रित भएर बन्दीपुरमा विकास गर्ने योजना बनायो । सरकारको गाउँ फर्क अभियानले समेत बन्दीपुरको विकासमा थप टेवा पुग्यो । नेपाल भ्रमण वर्षमा सरकारले बन्दीपुरलाई पर्यटकीय स्थलका रूपमा सूचीकृत गऱ्यो ।

बन्दीपुर आशातीत रूपमा अघि बढिरहेको थियो, तर यसको विकासका लागि खोलिएको संस्था बन्दीपुर विकास समितिमा भने विवाद चुलिँदै गयो । सदस्य बढ्दै जाँदा फाइदा मात्रै होइन जटिलता पनि बढ्यो । मतभेदसँगै राजनीति पनि घुस्यो । चीजकुमार श्रेष्ठ अध्यक्ष भएदेखि नै उक्त समितिमा उपाध्यक्षलाई अध्यक्ष बनाउने र अन्य पदाधिकारीहरू रोलक्रमले माथि जाने नियम बसालिएको थियो । तर, २०७०–२०७१ तिर सुधा पिया रोलक्रमले अध्यक्ष बन्ने बेलामा बलराम चुनाव लड्न अघि सरे । सो चुनावमा उनी पराजित भए । पछि फेरि अध्यक्षमा निर्विरोध निर्वाचित भए । अध्यक्षमा निर्विरोध निर्वाचित त भए, तर मुद्दा मामिलाका खेलले उनलाई काम गर्न कठिन भयो । यसअघिका हरेक विवादलाई साम्य पार्न, कुरा मिलाउन सिपालु बलराम बन्दीपुर सामाजिक विकास समितिको विवादलाई भने टुंगो लगाउन नपाउँदै सदाका लागि बिदा भए ।

यो पुस्तकको सबैभन्दा राम्रो पक्ष भनेको अपरिचित तर नेपालको विद्युत विकासमा महत्त्वपूर्ण योगदान दिने एक कुशल इन्जिनियरको जीवनलाई उजागर गर्नु हो । व्यक्तिको मृत्युपछि मात्रै तारिफ गर्ने हाम्रो सामाजिक संस्कार बनेको छ । त्यसैको एउटा पात्र बनेका छन् बलराम । तथापि, यस्ता कुराले अन्य मानिसलाई सकारात्मक बाटोमा अघि बढ्ने उत्प्रेरणा दिन्छ । अझ जलविद्युतको विकासमा काम गर्ने र बन्दीपुरवासीका लागि त यो कृति अमूल्य छ । बन्दीपुरको इतिहास बुझाउन र जलविद्युतको सम्भावनालाई फेरि पनि बहसको विषय बनाउन यो पुस्तक महत्त्वपूर्ण दस्तावेज बन्न सक्छ ।

कृतिका विषयवस्तु पठनीय छन्, तर पाठकलाई आकर्षित गर्ने कुरामा भने लेखक केही चुकेका छन् । लेखकले बढी समय जलविद्युत विकासमा खर्चिएका छन् । बन्दीपुरको सामाजिक,

आर्थिक, सांस्कृतिक र राजनीतिक पक्षलाई केही मात्रामा समेटेको भए पनि यी बारेको चर्चा पर्याप्त छैन । लेखकले बन्दीपुरवासीको कृषिमा संलग्नता र त्यसको सम्भाव्यतालाई महत्त्व दिएका छैनन् । बन्दीपुर व्यापारिक केन्द्रका रूपमा विकास भएसँगै त्यहाँका रैथाने मगरहरू विस्थापित भएको कुरा पुस्तकमा उल्लेख त छ, तर उक्त विस्थापनले उनीहरूमा कस्तो असर पाऱ्यो भन्ने पाटो लेखकले खोतलेका छैनन् । विस्थापित भएका मगरहरूको आर्थिक तथा सामाजिक अवस्थालाई पुस्तकमा केही मात्रामा उठाइदिएको भए तीप्रति न्याय हुने थियो ।

बन्दीपुरलाई देशसामु चिनाउन जमर्को गर्ने व्यक्तिमाथि नै लेखकले बढी जोड दिएका छन् । तर, त्यहाँको जनसांख्यिक अवस्था बारेमा कमै चर्चा गरेका छन् । बलरामका सकारात्मक कुरालाई मात्र पुस्तकमा बढी उठाइएको छ, उनका अवगुण केलाउन लेखक डराएका हुन् कि भन्ने भान पर्छ । बुटवल पावर कम्पनीको निजीकरणमा संलग्न भएपछि बलराम नामभन्दा पनि बदनाम भए । नियम विपरीत बन्दीपुर सामाजिक विकास समितिको निर्वाचनमा उठ्नु जस्ता कार्यले बलरामको गरिमालाई ठोस पुऱ्याएको बुझ्न सकिन्छ । यद्यपि, लेखकले यी पक्षको खोजीनीति गरेका छैनन् । बलरामकी जीवन संगिनी तारा पिया प्रधानको चर्चा बलरामकी श्रीमतीको रूपमा मात्र गरिएको छ । बलरामको प्रगतिमा ताराको पनि हात छ, र उनलाई तारा भनेर चिनाउने अरू थुप्रै कुरा पनि हुन सक्छन् । यसतर्फ लेखकको ध्यान जान सकेको छैन । फेरि पनि जीवित पात्रको सम्मान हुन सकेको छैन ।

एक सफल व्यक्ति हुनका लागि निडर, लगनशील, पौरखी र स्वाभिमानी हुनु आवश्यक छ । यस कुराको पुष्टि बलरामले गरेका छन्, जसले नाम र दाम दुवै कमाएका छन् । बलरामलाई काम गर्नका लागि यति रोकटोक, हस्तक्षेप भए कि उनले देशका निम्ति राम्रा योजनाहरू बुने पनि राजनीतिक तथा सांगठनिक हस्तक्षेपका कारण तिनलाई पूरा गर्न सकेनन् । राम्रो नियतले काम गर्ने वातावरण नेपालमा अझै बनिसकेको छैन भन्ने कुरा पुस्तकमा राम्रोसँग उतारिएको छ । बढीभन्दा बढी नाफा कमाउने व्यक्तिवादी सोच, राजनीतिक भ्रष्टाचार यसका प्रमुख अवरोध हुन् । वास्तवमा बलराम श्रम गरेर देश बनाउनु पर्छ भन्ने श्रमजीवी वर्गका प्रतिनिधि पात्र हुन् । यस्ता प्रतिनिधि पात्रलाई समातेर लेखिएको यो कृति देश र समाजका लागि केही गर्नुपर्छ भन्नेका लागि पथप्रदर्शक बन्न पुगेको छ ।

**सञ्जिला मोक्तान तामाङ**
त्रिभुवन विश्वविद्यालय